# नेपाल आदिवासी जनजाति महासंघ, प्रवास संगठनको नियमावली (२०७९)

नेपाल आदिवासी जनजाति महासंघ
Nepal Federation of Indigenous Nationalities

# नियमावली - २०७९

# नेपाल आदिवासी जनजाति महासंघ, प्रवास संगठनको नियमावली (२०७९)

**प्रस्तावना :**

नेपाल आदिवासी जनजाति महासंघ अर्न्तराष्ट्रिय प्रवास समन्वय समिति तथा प्रवास सम्बन्ध संगठनहरूलाई व्यवस्थितढंगले सञ्चालन गर्न नियमावनली बनाउन बँञ्छनिय भएकोले यो नेपाल आदिवासी जनजाति महासंघ, प्रवास संगठनको नियमावली २०७९ जारी गरीएको छ । यो नियमावली संघिय परिषदको बैठकबाट पारित भएको दिन देखि लागु हुनेछ ।

**परिच्छद १**

**दफा १ संक्षिप्त नाम र प्रारम्भ :**

क यस नियमावलीको नाम नेपाल आदिवासी जनजाति महासंघ प्रवास संगठनको नियमावली २०७९ रहेको छ ।

ख यो नियमावली नेपाल आदिवासी जनजाति महासंघ संघिय परिषदको बैठकबाट पारित भएको मिति देखि प्रारम्भ हुनेछ ।

**दफा २, परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–**

(क) "नियमावली" भन्नाले नेपाल आदिवासी जनजाति महासंघको नियमावली सम्झनु पर्छ ।

(ख) "महासंघ" भन्नाले नेपाल आदिवासी जनजाति महासंघ सम्झनु पर्छ ।

(ग) "आदिवासी जनजाति" भन्नाले हिन्दू वर्णाश्रम भित्र नपर्ने आफ्नो परम्परागत भौगोलिक बसोबासका क्षेत्र, धर्म, संस्कृति, लिखित अलिखित र मौखिक इतिहास, मौलिक मातृभाषा, परम्परागत रीतिरिवाज, सांस्कृतिक पहिचान र सामाजिक संरचना भएको अनुसूची बमोजिमको आदिवासी जनजातिलाई बुझाउंदछ ।

(घ) "अनुसूची" भन्नाले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा उल्लेख भएको अनुसूची र यस विधानमा व्यवस्था गरिएको अनुसूचीलाई बुझाउंदछ ।

(ङ) "सदस्य-संगठन" भन्नाले "महासंघ"को सदस्यता प्राप्त गरेको आदिवासी जनजातीय सदस्य संगठनहरुलाई बुझाउंदछ ।

(च) "सम्बन्धन संगठन" भन्नाले "महासंघ"को सम्बन्धन सदस्यता प्राप्त गरेका सम्बन्धन संगठनहरुलाई बुझाउंदछ ।

(छ) "प्रवास सम्बन्धन संगठन" भन्नाले "महासंघ"को प्रवास सम्बन्धन सदस्यता प्राप्त गरेका प्रवास सम्बन्धन संगठनहरुलाई बुझाउंदछ ।

(ज) "महाधिवेशन" भन्नाले महासंघको विधानको दफा २० बमोजिम आयोजना गरिने महाधिवेशनलाई बुझाउंदछ ।

(झ) "संघीय परिषद" भन्नाले नेपाल आदिवासी जनजाति महासंघको संघीय परिषद्लाई बुझाउंदछ ।

(ञ) "सचिवालय" भन्नाले नेपाल आदिवासी जनजाति महासंघ संघिय परिषद र प्रवास संगठनको सबै सचिवालयलाई बुझाउंदछ ।

(ट) "पदाधिकारी" भन्नाले नेपाल आदिवासी जनजाति महासंघ र प्रवास संगठनका सचिवालयका पदाधिकारीहरुलाई बुझाउंदछ ।

(ठ) "संस्था" भन्नाले संस्था दर्ता ऐन २०३४ बमोजिम गठित आदिवासी जनजाति महासंघमा आवद्ध आदिवासी जनजातीय संस्थालाई बुझाउंदछ ।

(ड) "अधिवेशन" भन्नाले प्रवासस्थित अन्तराष्ट्रिय प्रवास समन्वय समिति वा प्रवास सम्बन्ध संगठनको अधिवेशनलाई बुझाउंदछ ।

## भाग-२
## प्रवास संगठनको गठन र उद्धेश्य

नेपाल आदिवासी जनजाति महासंघ
Nepal Federation of Indigenous Nationalities

**दफा ३, प्रवास संगठनको गठन :**

क) विभिन्न मुलुकमा बसोबास गर्ने नेपाली आदिवासी जनजातिहरुद्धारा महासंघको विधानको अनुसूची-७ मा उल्लेखित आदिवासी जनजातीय सदस्य संगठनहरुको प्रवास संगठन मात्र सहभागी हुने गरी दुई वा सो भन्दा बढी आदिवासी जनजातीय संगठनहरु सम्बन्धित देशमा गठनभई क्रियाशील भएको अवस्थामा नेपाली आदिवासी जनजातिहरुको हक, हित, उत्थान र विकास तथा नेपालको आदिवासी जनजाति आन्दोलनमा योगदान पुऱ्याउने हेतुले नेपाल आदिवासी जनजाति महासंघको प्रवास संगठनहरु, नाम एकरूपताका लागि "नेपाल आदिवासी जनजाति महासंघ" (NEPAL FEDERATION OF INDIGENOUS NATIONALITIES) को पछाडि सम्बन्धित देशको नाम सहित गठन

गरिनेछ र यो सिधै नेपाल आदिवासी जनजाति महासंघ संघिय परिषद सचिवालयप्रति उत्तरदायी हुनेछ ।

ख) विदेशस्थित क्रियाशील संगठनहरुलाई समन्वयकारी भूमिका निर्वाह गरी नेपाल आदिवासी जनजाति महासंघलाई सहयोग पुर्‍याउनका लागि नेपाल आदिवासी जनजाति महासंघ प्रवास संगठनहरुको बहुमत सदस्यहरूको सम्मिलनमा प्रवास संगठनहरुको समन्वय समिति तथा नेपाल आदिवासी जनजाति महासंघको विधानको अनुसूची-७ मा उल्लेखित आदिवासी जनजातीय सदस्य संगठनहरुको अन्तर्राष्ट्रिय स्तरमा संगठन बनाई क्रियाशील भएको खण्डमा ति आदिवासी जनजाति (राष्ट्र) संगठनहरुको समेत सम्मिलनमा एक नेपाल आदिवासी जनजाति महासंघ, अन्तर्राष्ट्रिय प्रवास समन्वय समिति गठन गर्न सकिनेछ र यो समन्वय समितिले महादेशस्तरिय समन्वय समिति पनि गठन गर्न सक्नेछ ।

**दफा ७, प्रवास संगठनका उद्धेश्यहरू देहाय बमोजिम हुने छन्:**

क) विदेशमा रहेका सम्पूर्ण आदिवासी जनजातिहरुको बीचमा पारस्परिक एकता, सद्भाव एवं भातृत्वभाव अभिवृद्धि गरी संगठित गर्ने, गराउने ।

ख) नेपालका आदिवासी जनजातिहरुको पहिचान–भाषा, लिपी, धर्म, संस्कार, संस्कृति, साहित्य, शिक्षा आदि क्षेत्रमा समान विकास गर्न र हक अधिकार प्राप्त गर्न नेपाल आदिवासी जनजाति महासंघलाइ सहयोग गर्ने ।

ग) विश्वको जुनसुकै कुनामा जाति, भाषा, धर्म, लिङ्ग, वर्ण आदिको आधारमा हुने भेदभावपूर्ण ब्यवहारको बिरुद्धमा ऐक्यबद्धता जाहेर गर्दै विश्व सम्बन्ध र भातृत्वको विकास गर्न प्रयत्नशील रहने ।

घ) आदिवासी जनजातिहरुको हक अधिकारहरुको स्थापनाका लागि संघर्षरत रहने ।

ङ) विदेशमा रहेका आदिवासी जनजातिहरूलाई संरक्षण गर्दै अभिभावकिय भूमिका निर्वाह गर्ने ।

च) ब्रिटिस गोर्खा सैनिकहरू बारे राज्यले गरेको सन्धि सम्झौता अनुसार भर्ती हुने स्पष्ट हुंदा हुँदै सैनिक परिवारको वंशजको आधारमा नागरिकताको अधिकारका लागि सम्बन्धित संयन्त्र र सरकारसंग माग गर्ने ।

छ) प्रवासमा रहेका साना, मझौला तथा ठूला आदिवासी जनजाति लगानीकर्ताहरूको संयुक्त लगानी गर्ने वातावरण तयार गरी नेपाल तथा प्रवासमा रोजगारको सिर्जना गर्न प्रयत्न गर्ने ।

ज) प्रवास तथा नेपालमा विशेष परिस्थितिमा आपत विपतमा परेका नेपाली आदिवासी जनजाति तथा समग्र नेपालीहरूलाई आवश्यक सहयोग गर्ने ।

**दफा ४ आवद्धता**

क) विदेशस्थित विभिन्न महासंघहरूको हकमा नेपालमा नेपाल आदिवासी जनजाति महासंघमा आवद्ध अनुशूची ७ मा उल्लेखित जातिय सदस्य संगठनहरूलाई मातृसंस्था मानी सोही मातृसंस्थाले आधिकारिकता प्रदान गरेको विदेशस्थित जातिय सदस्य संगठनलाई विदेशस्थित आदिवासी जनजाति महासंघमा आवद्धताको लागि योग्य मानिनेछ ।

ख) नेपाल आदिवासी जनजाति महासंघको विधान र त्यसले बनाएको नियमावली बमोजिम सञ्चालन हुने विदेशस्थित नेपाल आदिवासी जनजाति महासंघको प्रत्यक्ष आवद्धता नेपाल आदिवासी जनजाति महासंघसंग हुनेछ ।

ग) प्रवासस्थित नेपाल आदिवासी जनजाति महासंघहरूलाई समन्वय गर्न आवश्यक्ता अनुसार एक अर्न्तराष्ट्रिय समन्वय समिति गठन गर्न सक्नेछ र यसको आवद्धता नेपाल आदिवासी जनजाति महासंघसंग हुनेछ ।

**दफा ५ आवद्धता नरहने**

क) प्रवासका सम्बन्धित देश वा अर्न्तराष्ट्रिय समन्वय समितिले स्वेच्छिक रूपमा अलग हुने घोषणा गरेमा ।

ख) नेपालका आदिवासी जनजातिहरूलाई प्रवासमा संगठित गर्ने क्रममा नेपाल आदिवासी जनजाति महासंघले तोके बमोजिमको संगठनको नाम फरक रहेमा यो नियमावली पारित भएको मितिले ६ महिना भित्र संगठनको नाम सच्याउनु पर्नेछ साथै नेफिनको विधानको अनुशूची ७ मा उल्लेखित जातिय सदस्य संगठन बाहेकलाई सहभागी गराई महासंघ गठन गरेको पाइएमा यो नियमावली पारित भएको मितिले ६ महिना भित्र सच्याइ नेफिन नेपाललाई जानकारी गराउनु पर्नेछ अन्यथा नेपाल आदिवसी जनजाति महासंघसंगको आवद्धता खारेज भएको वा आवद्धता नरहेको बुझिनेछ ।

ग) आवद्धता नरहेका संगठनहरूले नेपाल आदिवासी जनजाति महासंघको विधान, प्रतिक चिन्ह, झण्डा, लोगो वा ब्यानर प्रयोग गर्न पाउने छैनन ।

घ) आवद्धता नभएका प्रवासस्थित संगठनहरूमा स्वतः संगठन खारेज भएको बुझी नेपाल आदिवासी जनजाति महासंघले विधान र नियमावली बमोजिम संगठन निर्माण गर्न सक्नेछ ।

**दफा ६, महासंघको प्रतिक चिन्ह , छाप र झण्डा**

नेपाल आदिवासी जनजाति महासंघको प्रतिक चिन्ह, छाप र झण्डा यस विधानको अनुसूची १, २ र ३ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

**दफा ७, संघीय परिषद्को व्यवस्था**

क) संघीय परिषद् महाधिवेशन बाहेकका अवस्थामा सर्वोच्च निकाय हुनेछ ।

ख) महासंघको उद्देश्यलाई सहयोग पुऱ्याउन, सल्लाह सुझाब दिन, विधानअनुसार मनोनयन गरिएका सल्लाहकारहरु सचिवालय तथा संघीय परिषद्को बैठकमा भाग लिन पाउनेछन् ।

**दफा ८ प्रवास संगठनको काम कर्तव्य र अधिकार**

**अन्तराष्ट्रिय समन्वय समिति**

क) प्रवासका विभिन्न देशमा संगठित आदिवासी जनजाति महासंघहरूलाई नेपाल आदिवासी जनजाति महासंघको विधानद्वारा निर्दिष्ट "नेपाल आदिवासी जनजाति महासंघ....र अन्तिममा सम्बन्धित देशको नाममा एकरूपता कायम गर्ने गराउने ।

ख) प्रवासस्थित संगठनहरूलाई तोकिएको समयमा बैठक बसाल्न वा व्यवस्थित रूपमा कार्यक्रम गर्न गराउन समन्वय गर्ने ।

ग) नेपाल आदिवासी जनजाति महासंघ केन्द्रीय सचिवालय र प्रवासका संगठनहरू विचको सम्बन्धलाई हार्दिक, सुमधुर र प्रभावकारी बनाउन समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

घ) नेपाल आदिवासी जनजाति महासंघको विधान र नियमावली बमोजिम प्रवासका संगठन परिचालित भए नभएको अनुगमन गर्ने

ङ) हरेक वर्ष कम्तीमा दुईपटक नेपाल आदिवासी जनजाति महासंघका पदाधिकारी र प्रवास संगठनका पदाधिकारीहरू विचको बृहत बैठक बस्ने ।

च) प्रवासका संगठनहरूमा देखिएका समस्याहरूको समाधानार्थ नेपाल आदिवासी जनजाति महासंघ संघिय परिषद सचिवालयलाई जानकारी गराई पहल गर्ने ।

छ) प्रवास संगठनमा देखिएका जातिय सदस्य संगठनहरू विचको अन्योलतालाई नेपाल आदिवासी जनजाति महासंघको विधान अनुरूप स्पष्ट पार्न र समस्यालाई समाधान गर्न पहल गर्ने ।

ज) नेपालका अर्न्तराष्ट्रिय संघ संगठनहरूमा आदिवासी जनजातिहरूको नेतृत्व, प्रतिनिधित्व र प्रभावकारी सहभागिताका लागि विशेष भूमिका निर्वाह गर्ने ।

**महाद्देश स्तरिय समन्वय समिति**

हरेक महादेश भित्रका देशमा संगठित नेपाल आदिवासी जनजाति महासंघलाई समन्वय गर्न महादेश स्तरिय समन्वय समिति गठन गर्न सकिनेछ । यसले महादेश भित्रका राष्ट्रहरू र अर्न्तराष्ट्रिय समन्वय समितिलाई समन्वय गर्नेछ ।

**विद्देशका संगठन**

क) प्रवासका हरेक मुलुकमा नेपालका दुई वा दुईभन्दा बढी आदिवासी जनजातिहरूको सम्मिलनमा त्यो देशमा क्रियासिल रहने गरी नेपाल आदिवासी जनजाति महासंघ.....र सम्बन्धित देशको नाम सहित महासंघ स्थापना हुनेछ ।

ख) यसले सम्बन्धित राष्ट्रमा रहेका नेपालका आदिवासी जनजातिहरूलाई संगठित गर्ने, जातिय पहिचान, जनजातिय अधिकार र सांस्कृतिक अधिकारका लागि सचेतना अभिवृद्धी गर्नेछ ।

ग) नेपाल आदिवासी जनजाति महासंघ केन्द्रीय सचिवालयसंग प्रत्यक्ष सम्बन्ध हुनेछ ।

घ) नेपाल आदिवासी जनजाति महासंघको विधानको अनुशूचि ७ मा उल्लेखित जातिय सदस्य संगठनहरूलाई मातृसंस्था मानी ति मातृसंस्थाहरूले आधिकारिकता प्रदान गरेका जातिय सदस्य संगनठहरूलाई मात्र महासंघमा आवद्ध गराउनु पर्नेछ ।

ङ) यो महासंघले सम्बन्धीत देशमा भएका विभिन्न संघ संगठन तथा त्यस देशको सरकारको कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघको तर्फबाट प्रतिनिधित्व गर्नेछ ।

च) हरेक ६/६ महिनामा कार्य प्रगतिको बारेमा नेपाल आदिवासी जनजाति महासंघ केन्द्रीय सचिवालयलाई जानकारी गराउनु पर्नेछ ।

छ) प्रवासमा हुने हरेक गतिविधिको बारेमा नेपाल आदिवासी जनजाति महासंघ संघिय परिषद सचिवालयलाई अग्रिम जानकारी गराउनेछ ।

नेपाल आदिवासी जनजाति महासंघ
Nepal Federation of Indigenous Nationalities

**दफा ९ सल्लाहकारको व्यवस्था**

प्रवास संगठनहरूले आवश्यक्ता अनुसार सल्लाह, परामर्श र सुझावहरू लिनका लागि बढीमा ५ सदस्यिय सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

**दफा १० विभागहरू सम्बन्धी व्यवस्था**

प्रवास संगठनहरूले आफ्नो कार्य सञ्चालनलाई प्रभावकारी बनाउनको लागि आवश्यक्ता अनुसार बढीमा ८ वटा सम्म विभागहरू गर्न सक्नेछ र ति विभागहरूको विभागयि प्रमुख र सचिवहरू ताकी जिम्मेवारी दिन सक्नेछ ।

**दफा ११ सचिवालयको व्यवस्था**

प्रवास संगठनको सचिवालय कार्यकारी समिति हुनेछ । यो निम्नानुसार बढीमा ९ सदस्यिय हुनेछ । सचिवालय गठन गर्दा कम्तीमा एक तिहाई महिला हुनु पर्नेछ र जातिय सदस्य संगठनहरूको समावेशितालाई ध्यान दिइनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | १ | |
| प्रथम उपाध्यक्ष | १ | |
| उपाध्यक्ष | २ | महिला अविार्य |
| महासचिव | १ | |
| उपमहासचिव | १ | |
| सचिव | २ | महिला अनिवार्य |
| कोषाध्यक्ष | १ | |

नेपाल आदिवासी जनजाति महासंघ
Nepal Federation of Indigenous Nationalities

**दफा १२ पदावधी**

अन्र्तराष्ट्रिय प्रवास समन्वय समितिको ३ वर्ष, तथा महादेशस्तरिय र राष्ट्रस्तरिय महासंघको कार्यावधी २/२ वर्षको हुनेछ ।

**दफा १३ कोषको व्यवस्था**

नेपाल आदिवासी जनजाति महासंघ प्रवास संगठनहरूको कार्य सञ्चालनका लागि आफ्नै कोष स्थापना गरी बैंक खाता सञ्चालन गर्न सक्नेछ । बैंक खाता सञ्चालनमा अध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये कुनै दुई तर कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ ।

## दफा १४ महाधिवेशन सम्बन्धी व्यवस्था

क) प्रवासका हरेक संगठनहरूले कार्यवधी समापन हुनु भन्दा १ महिना अगावै महाधिवेशन गरिसक्नु पर्नेछ ।

ख) कुनै खास परिस्थिति वा चित्तबुझ्दो कारण भएमा पदावधि सकिएको ६ महिना भित्र महाधिवेशन सम्पन्न गरीसक्नु पर्नेछ ।

ग) प्रवास संगठनहरूको महाधिवेशनमा नेपाल आदिवासी जनजाति महासंघ संघिय परिषद सचिवालयलायलाई अनिवार्य जानकारी गराउनु पर्नेछ ।

घ) प्रवास संगठनहरूको महाधिवेशनमा नेपाल आदिवासी जनजाति महासंघ संघिय परिषदका पदाधिकारी वा विदेश विभाग प्रमुखले तोकेको प्रतिनिधिको अनिवार्य प्रतिनिधित्व हुनु पर्नेछ अन्यथा प्रवास संगठनहरूको महाधिवेशनले वैधानिकता पाउने छैन ।

ङ) महाधिवेशनले संगठनको सांगठनिक, आर्थिक प्रतिवेदन पारित गर्दै भावि कार्यदिशा तय गर्नेछ  साथै नयां नेतृत्व सहित सचिवालय चयन गर्नेछ ।

## दफा १५, प्रवास संगठनहरूको कार्यालय

प्रवास संगठन राष्ट्रस्तरिय महासंघको सोही राष्ट्रमा कार्यालय रहनेछ । महादेशस्तरिय र अर्न्तराष्ट्रिय समन्वय समितिको कार्यालय अनुकुलताका आधारमा राख्न सकिनेछ ।